# नेपाल खाद्य वैज्ञानिक तथा प्राविधिज्ञ संघको सदस्यता वितरण सम्बन्धि कार्यविधि-२०६८

## साधारण सभाबाट पारित मिती : २०६८/ ५ /३१

**१. प्रस्तावना :**

नेपाल खाद्य वैज्ञानिक तथा प्राविधिज्ञ संघ (नेफोस्टा) को विधान २०४७ को दफा ६, ७, ८ र ९ अनुसार संघको सदस्य बनाउने, नविकरण गर्ने लगायतका सदस्यता व्यवस्थापन सम्बन्धमा समय समयमा समस्या श्रृजना भई कार्य सम्पादनमा समेत व्यवधान आउने गरेको परिप्रेक्ष्यमा विधानको दफा २५ ले नियम बनाउने सम्बन्धि दिएको अधिकार प्रयोग गरी १५औं साधारण सभाबाट यो कार्यविधि पारित गरी लागू गरिएको छ।

**२. प्रारम्भ र विस्तारः**

यो कार्यविधी १५औं साधरण सभाबाट पारित भएको दिनदेखि लागु हुनेछ। यो कार्यविधी नेफोष्टाको विधान २०४७ को अभिन्न अंगको रुपमा क्रियाशिल हुनेछ।

**३. सदस्यताको प्रकार** : विधानको दफा ६ अनुसार।

**४. सदस्यताको योग्यताः** विधानको दफा ७ अनुसार।

**५. सदस्यता शुल्क**

५.१ स्वदेशमा क्रियाशिल सदस्यहरुको हकमा विधानको दफा ८ क.१ अनुसारको व्यवस्था कायम गरिएको छ।

**५.२ विदेशमा क्रियाशिल सदस्यहरुको हकमा सदस्यता शुल्क निम्न बमोजिम हुनेछ :**

| | |
|---|---|
| १. प्रवेश शुल्क सबै सदस्यहरुलाई | यू. एस. डलर ७ |
| २. प्रवेश शुल्क विद्यार्थी सदस्यको हकमा | यू. एस. डलर ३ |
| २. विद्वत् सदस्य प्रति वर्ष | यू. एस. डलर १० |
| ३. साधारण सदस्य प्रति वर्ष | यू. एस. डलर १० |
| ४. सह-सदस्य प्रति वर्ष | यू. एस. डलर ६ |
| ५. विद्यार्थी सदस्य प्रति वर्ष | यू. एस. डलर २ |
| ६. आजीवन सदस्य एक मुष्ट | यू. एस. डलर १०० |

**६. शुल्क बुझाउने अवधि:** प्रत्येक आर्थिक वर्षको आषाढ मसान्त (अग्रेजी क्यालेन्डर अनुसार जुलाइ १५) भित्र बुझाइ सक्नु पर्नेछ ।

**७. सदस्यताको लागि आवेदन:**

**७.१** नेफोष्टाको विधानको ८(ख) अनुसार सदस्यताको लागि आवेदन गर्न यस कार्यविधीको अनुसूची-१ बमोजिमको फारम रितपूर्वक भरी शैक्षिक योग्यताको प्रमाणपत्र तथा लब्धांक पत्र (ट्रान्सक्रिप्ट) एवं अन्य सान्दर्भिक प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु सहित कार्यकारिणी समिती समक्ष निवेदन दिनुपर्नेछ ।

**७.२** एफिलिएटेड सदस्यको हकमा संस्था, सगठन वा कंपनी दर्ता प्रमाण पत्र, प्रवन्धपत्र, नियमावली एवं अनुज्ञापत्र लगायतका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी अनुसूची-२ बमोजिमको फारम भरी रीतपूर्वक आवेदन भर्नुपर्नेछ ।

**७.३** एक पटक पेश भै सकेको जानकारी अर्को प्रकारको सदस्यता लिदा पुनः पेश गर्नु अनिवार्य हुने छैन।

**७.४** साधारण सदस्यले आजिवन सदस्यता लिदा प्रवेश शुल्क लाग्ने छैन तर आजिवन सदस्यबाट सिफारिस गराउनु पर्ने छ ।

**८. सदस्यताको लागि सिफारिस :** नयाा सदस्यका लागि आवेदन दिने व्यक्ति वा संस्थाले नेफोष्टाको वैधानिक आजीवन सदस्य वा साधरण सदस्यको सिफारिस सहित निवेदन दिनुपर्नेछ ।

**९. कार्यकारिणी समितीबाट स्विकृत हुनुपर्ने :** सिफारिस सहित प्राप्त निवेदन उपर कार्यकारिणी समितीको वैठकमा छलफल गरी सदस्यता दिने नदिने बारे निर्क्यौल गरिनेछ ।

**१०. सदस्यताको प्रमाणपत्र :** कार्यकारिणी समिती बाट निर्णय भई सकेपछि निर्धारित शुल्क लिई नेफोष्टाको सदस्यहरुको अभिलेख पूस्तिकामा पासपोर्ट साइजको फोटो सहित आवेदकको नाम दर्ता गरी अनुसूची-३ बमोजिमको फरम्याटमा प्रमाणपत्र प्रदान गरिने छ ।

**११. सदस्यताको परिचयपत्र :** सदस्यता प्राप्त व्यक्तिको परिचय खुल्ने गरी फोटो सहितको परिचय पत्र वितरण गरिने छ । सो को नमूना अनुसूची-४ बमोजिम हुनेछ ।

**१२.** आजिवन सदस्यहरु वापत प्राप्त रकमलाई मुद्दती खातामा राखी व्याज आर्जन गर्ने र यस्तो व्याजबाट नेफोष्टाको कार्यालय संचालनार्थ प्रयोग गरिनेछ ।

**१३.** दरखास्त प्राप्त गरे पछि ३० दिन भित्रमा सदस्यता दिने/ नदिने वारे निर्णय लिइने छ ।